SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS' FORUM

# Sancharika Samuha

FORUM OF WOMEN JOURNALISTS AND COMMUNICATORS

Promoting Communication for Equality

मितिः २०७१/७/१८

## प्रेस विज्ञप्ति

सञ्चारिका समूह नेपालले आफ्नो १८ औं वार्षिकोत्सव तथा वार्षिकसाधारणसभाको १७ कार्तिक २०७१ मा ललितपूरमा सम्पन्न ग-यो । सो अवसरमा ३ सयभन्दा बढि पत्रकार महिलाको सहभागिता थियो । देशभरमा विभिन्न सञ्चारमाध्यममा कार्यरत पत्रकार तथा सञ्चारकर्मीहरुको पेशाागत हकहितको सुरक्षा तथा प्रवर्द्धन गर्ने प्रतिवद्धता समूहकी अध्यक्ष निर्मला शर्माले गर्नुभयो । सो साधारण सभाले सरकार तथा सरोकारवालासँग निम्न माग ग-यो ।

१. पत्रकार महिलाको संख्यात्मक र गुणात्मक वृद्धिका लागि सरकारले नीति तथा कार्यक्रम बनाइ लगानी गर्न,

२. पत्रकार महिलाको व्यावसायिक र भौतिक सुरक्षाका तथा प्रत्येक समाचारकक्षमा ३३% महिला सहभागिताका लागि लागि श्रमजीवि पत्रकार ऐन संशोधन गर्न,

३. २०७१ माघ ८ भित्र पूर्वप्रतिवद्धताअनुसार सहमतिमा लैङ्गिग मैत्री संविधान निर्माण गरी जारी गर्न ,र

४. सरकारी सञ्चार माध्यममा कम्तिमा ३३% महिला सहभागिता सुनिश्चित गर्न सञ्चारिका समूह जोडदार माग गर्दछ ।

यसका साथै समूहले सस्थालाई अझ बढी समावेशी तथा समयसापेक्ष बनाउन समूहको विधान पनि संशोधन ग-यो ।

सञ्चारिका समूह देशभरिका सबै पत्रकार महिला तथा सञ्चारकर्मीहरुको साझा संस्था हो । समूहले विगत १८ वर्षदेखि महिलाका मुद्दालाई सञ्चार माध्यममा मूल प्रवाहीकरण गर्ने कार्यका साथै पत्रकार महिलाको हकहितका पक्षमा समेत वकालत गर्दै आइरहेको छ । साथै समूहले पत्रकार महिलाको संख्यात्मक तथा गुणात्मक विकासका लागि निरन्तर रुपमा विभिन्न कार्यक्रमहरु पनि गर्दै आएको छ ।

**कमला पन्थी**
**सचिव**

P.O. Box 13293, Kathmandu, Nepal Phone: 977-1-5530192, 5551182, Fax: 977-1-5551182 Email: sancharika@wlink.com.np
Website: www.sancharika.org